# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, असार २० गते २०४२ साल ( अतिरिक्ताङ्क १५ + (क)


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

**वन पैदावार बिक्री वितरण (दोस्रो संशोधन) नियमावली, २०४२**

वन पैदावार बिक्री वितरण नियमावली, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०१८ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "वन पैदावार बिक्री वितरण (दोस्रो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन पैदावार बिक्री वितरण नियमावली, २०२७ मा नियम २० क थप : वन पैदावार बिक्री वितरण नियमावली, २०२७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० पछि देहायको नियम २०क. थपिएको छ:–

"२०क. अनुसूचीमा हेरफेर गर्न सक्ने : श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीहरूमा हेरफेर गर्न सक्नेछ ।"

३. मूल नियमावलीको अनुसूची २, ३, ४ र ६ मा संशोधन : मूल नियमावलीको अनुसूची २, ३, ४ र ६ को सट्टा यसैसाथ संलग्न अनुसूची २, ३, ४ र ६ राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – २
(नियम ६ संग सम्बन्धित)

### वन पैदावारको मोल

| क्र. सं. | वन पैदावारको नाम र किसिम | मोल |
|---|---|---|
| १. | वेत प्रतिकिलोग्राम | रू. ८।– |
| २. | गाल्चे (गामा अकिड) प्रतिकिलोग्राम | रू. ४।– |
| ३. | अमलेसो (कूचो) प्रतिकिलोग्राम | रू. –।७५ |
| ४. | वनकस (बाबियो) प्रतिकिलोग्राम | रू. –।१० |
| ५. | सेतमरूवाको लोक्ता (कागजे लोक्ता) प्रतिकिलोग्राम | रू. –।३० |
| ६. | अल्लो प्रतिकिलोग्राम | रू. –।३० |
| ७. | भोर्लाको छाला (बोक्रा) प्रतिकिलोग्राम | रू. –।५० |
| ८. | बाँस प्रतिगोटा | रू. २।– |
| ९. | निगालो प्रतिगोटा | रू. –।५ |
| | " प्रतिव्यक्ति भारी | रू. ५।– |
| | " प्रतिवयल गाडा | रू. १००।– |
| | " प्रतिट्रक | रू. १,०००।– |
| १०. | डण्डीसण्ठी, नरकट, खरढडी प्रतिवयल गाडा | रू. –।५० |
| | " " " प्रतिव्यक्ति भारी | रू. –।१० |
| ११. | चुन पोल्ने ढुंगा प्रतिक्यूविकफिट | रू. –।२५ |
| १२. | छाप्ने ढुंगा र स्लेट ढुंगा प्रतिवर्गफिट | रू. –।२५ |
| १३. | साधारण ढुंगा प्रतिक्यूविकफिट | रू. –।१५ |
| १४. | ग्राभेल (बालुवा) प्रतिक्यूविकफिट | रू. –।१५ |

## अनुसूची – ३
(नियम ७ संग सम्बन्धित)

### जडीबुटीको मोल

| क्र. सं. | जडीबुटीको नाम | मोल – प्रति के. जी. |
|---|---|---|
| | (क) जरा जाति | |
| १. | पाँचऔंले जरा | रू. २०।– |
| २. | सर्पगन्धा जरा | रू. २।५० |
| ३. | ममिरा जरा | रू. २०।– |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३४

| | | | |
|---|---|---|---|
| ४. | जटामसि जरा | रु. | २।५० |
| ५. | सुगन्धवाल जरा | रु. | २।– |
| ६. | कुट जरा | रु. | २।५० |
| ७. | विषमा जरा | रु. | २।५० |
| ८. | पिपला पिपली जरा | रु. | २।५० |
| ९. | लघुपत्र जरा | रु. | १।– |
| १०. | अतिस जरा | रु. | २।– |
| ११. | विष जरा | रु. | १।५० |
| १२. | पाषणवेद जरा | रु. | १।६० |
| १३. | कुटकी जरा | रु. | ३।– |
| १४. | भ्याकुर जरा | रु. | २।– |
| १५. | सतावरी जरा | रु. | १।– |
| १६. | निरमसि जरा | रु. | २।५० |
| १७. | कामराज जरा | रु. | १।४० |
| १८. | सतुवा जरा | रु. | १।– |
| १९. | टुकीफूल जरा | रु. | १।५० |
| २०. | खसखस जरा | रु. | २।– |
| २१. | असारे फूलको गानो | रु. | २।५० |
| २२. | कचुर जरा | रु. | १।– |
| २३. | वन लसुन जरा | रु. | १।५० |
| २४. | सेतकचिनी जरा | रु. | –।५० |
| २५. | काकोली जरा | रु. | १।८० |
| २६. | गामाडोल जरा | रु. | ३।– |
| २७. | पद्मचाल | रु. | १।४० |
| २८. | बोझो जरा | रु. | १।– |
| २९. | उनिउको जरा | रु. | १।५० |
| ३०. | वज्रदन्तको जरा | रु. | २।– |
| ३१. | विषफेजको जरा | रु. | १।– |
| ३२. | भूतकेश जरा | रु. | १।– |
| ३३. | सिकाकाई जरा | रु. | १।– |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

122

(ख) काठको बोक्रा जाति

| | | | |
|---|---|---|---|
| १. | ओखरको बोक्रा | रु. | ५।– |
| २. | काफलको बोक्रा | रु. | ५।– |
| ३. | पैंयूको बोक्रा | रु. | ३।– |
| ४. | नेपाली दालचिनी | रु. | ११५० |
| ५. | वेलोनी र वेलोनीको जरा बोक्रा | रु. | २।– |
| ६. | धुपी काठको बोक्रा | रु. | २।– |
| ७. | अर्गलीको बोक्रा | रु. | –।५० |
| ८. | चुत्रोको बोक्रा | रु. | १।– |
| ९. | जीवन्तीको डाँठ बोक्रा रेशा | रु. | १।– |
| १०. | कनफियरको बोक्रा | रु. | –।५० |
| ११. | पावनको बोक्रा | रु. | १।– |
| १२. | जमानि मान्द्राको बोक्रा | रु. | १।– |
| १३. | पुनर्नवाको बोक्रा | रु. | २।– |

(ग) पात जाति

| | | | |
|---|---|---|---|
| १. | सिकाकाईको पात | रु. | –।५० |
| २. | तेजपात | रु. | –।६० |
| ३ | नून ढिकीको पात | रु. | –।४० |
| ४. | हिगुवाको पात | रु. | –।५० |
| ५. | चिम्लानीको पात | रु. | –।५० |
| ६. | सुगन्ध पात | रु. | –।५० |
| ७. | कुमुकुमको पात | रु. | १।५० |
| ८. | लेमन ग्रासको पात | रु. | –।१५ |
| ९. | असुरोको पात | रु. | –।४० |
| १०. | सालको पात | रु. | –।२५ |
| ११. | भोरलाको पात | रु. | –।२५ |

(घ) फूल र भुवा जाति

| | | | |
|---|---|---|---|
| १. | पलासको भुवा | रु. | २।– |
| २. | सिमलको भुवा | रु. | २।– |
| ३. | आँकको भुवा | रु. | १।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | |
|---|---|
| ४. भौवाको फूल | रू. १।८० |
| ५. सुगन्ध कोकिला फूल | रू. १।– |
| ६. पदम पुष्करको फूल | रू. १।– |
| ७. सिमलको फूल | रू. –।७० |
| ८. घैएरोको फूल | रू. १।२० |
| ९. धावाको फूल | रू. –।५० |
| १०. गुराँशको फूल | रू. १।– |
| ११. असुरोको फूल | रू. २।५० |

(ङ.) फल र बीज जाति

| | |
|---|---|
| १. नागवेली | रू. ७।– |
| २. नाग केशर | रू. ३।– |
| ३. पिपला मुरझाङ | रू. २।५० |
| ४. पिपला | रू. २।५० |
| ५. पिपली | रू. २।५० |
| ६. रोहिणी | रू. २।– |
| ७. रुद्राक्ष | रू. २।– |
| ८. भद्राक्ष | रू. ५।– |
| ९. ओखरफल | रू. १।– |
| १०. कटुस | रू. १।५० |
| ११. बोक्रे टिम्बुर, टिम्वर | रू. २।– |
| १२. पांग्रो | रू. १।– |
| १३. सिलटिम्बुर | रू. १।– |
| १४. रिठा | रू. –।५० |
| १५. कुचिला | रू. ३।– |
| १६. लप्सी | रू. –।६० |
| १७. रामफल | रू. –।७० |
| १८. सीताफल | रू. –।७० |
| १९. अमला | रू. –।८० |
| २०. तिगेडी | रू. –।५० |
| २१. वेल र वेलको दाना | रू. १।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | |
|---|---|---|
| २२. | धतुरो | रू. –।८० |
| २३. | चिउरी | रू. १।– |
| २४. | बुधनी | रू. –।५० |
| २५. | अडेल | रू. १।– |
| २६. | भलायो | रू. –।८० |
| २७. | जामुन | रू. –।८० |
| २८. | सिकाकाई | रू. १।२० |
| २९. | मौवाको बीउ | रू. १।२० |
| ३०. | बयर | रू. –।८० |
| ३१. | सतावरी | रू. –।८० |
| ३२. | बकाइनो | रू. –।६० |
| ३३. | असना, साल, सिमल, बोधिनिको बीउ | रू. –।१० |

(च) बिरूवा जाति

| | | |
|---|---|---|
| १. | यारसा गुम्वा | रू. १८०।– |
| २. | झ्न्याउँ | रू. ५।– |
| ३. | मजिठा | रू. –।८० |
| ४. | चिराइतो | रू. १।५० |
| ५. | एकले वीर | रू. –।५० |
| ६. | सोभलता | रू. –।६० |

(छ) गमरेजिन लोहवान जाति

| | | |
|---|---|---|
| १. | रक्तचन्दन | रू. ८।– |
| २. | श्रीखण्ड | रू. १०।– |
| ३. | शिलाजित | रू. ३।५० |
| ४. | मह | रू. ३।५० |
| ५. | खोटो | रू. –।७५ |
| ६. | मइन | रू. ३।– |
| ७. | लाहा | रू. ५।– |
| ८. | काफरसिंगी | रू. –।५० |
| ९. | गोकुलधूप | रू. १।५० |
| १०. | सालधूप | रू. २।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३८

मुद्रण विभाग, सिंहदरबार

(ज) अन्य जडीबुटी

| | |
|---|---|
| १. ममिरा | रु. २०।- |
| २. कावेला | रु. ४।- |
| ३. चाँदमरूवा | रु. ३।- |
| ४. मृगराज | रु. ३।- |
| ५. नागर मोथि | रु. ३।- |
| ६. हिउखमार | रु. ४।- |
| ७. ब्राह्मी | रु. ३।- |
| ८. कटुको | रु. ३।- |
| ९. काला दाना | रु. ३।- |
| १०. चितौं | रु. ३।- |
| ११. दूदिया मसि | रु. २।५० |
| १२. द्रोणपुष्पी | रु. २।- |
| १३. अकरकरा | रु. ३।- |
| १४. पुदिना | रु. ३।- |
| १५. भांग | रु. ५।- |
| १६. कचनार | रु. ३।- |
| १७. कुरालो र कुरिलोको जरा | रु. १।- |
| १८. काराज चुल्ठी | रु. २।- |
| १९. सिन्कौली | रु. १।- |
| २०. पिरामिडा लीफ | रु. १।- |
| २१. पाहा | रु. २।- |
| २२. चावो | रु. १।- |
| २३. सत्यानासी | रु. ३।- |
| २४. बासक | रु. १।- |
| २५. अडुस | रु. १।- |
| २६. अनन्तमूल | रु. १।५० |
| २७. अर्जुन | रु. १।- |
| २८. हर्रो | रु. १।- |
| २९. बर्रो | रु. १।- |
| ३०. वालछल (जटामसि) | रु. २।५० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२५

| | |
|---|---|
| ३१. मुजासेठा | रू. –।५० |
| ३२. रसुल्ला | रू. –।५० |
| ३३. लोहान | रू. २।८० |
| ३४. अम्फी | रू –।५० |
| ३५. कण्ठकारी | रू. १।– |
| ३६. टायरी | रू. –।५० |
| ३७. मालागिरी (सुगन्ध कोकिला) | रू. १।– |
| ३८. सजीवनको गेडा (दिउली) | रू. –।५० |
| ३९. सांस दुर्लभ | रू. –।५० |
| ४०. हलिक | रू. –।५० |
| ४१. रिचिमर्क | रू. –।५० |
| ४२. राजबृक्ष | रू. २।– |
| ४३. किजितालिस | रू. ५।– |
| ४४. चम्पावती | रू. –।८० |
| ४५. च्याउ | रू. –।५० |
| ४६. भोजपत्र | रू. २।– |
| ४७. दारू | रू. –।५० |
| ४८. छतीवन | रू. –।५० |
| ४९. असलवेद | रू. २।– |
| ५०. तालिस पत्र | रू. –।५० |
| ५१. मुसली मसली | रू. १।२० |

अनुसूची–४
(नियम ८ संग सम्बन्धित)
वल्लावल्लीको मोल

| काठको जात | मोल-प्रतिगोटा (क) श्रेणी | मोल-प्रतिगोटा (ख) श्रेणी |
|---|---|---|
| १. साल | रू. ३२।– | रू. २४।– |
| २. देवदार, असना, गम्हारी र सौर | रू. २४।– | रू. १६।– |
| ३. सबै जातका सल्ला, कटुस, जामुन, सिमलसन्दन, चिलाउने र सिरिस | रू. १६।– | रू. ८।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

980

४. खयर, सिसौं, चाँप, ओखर, दार, सतिसाल बाहेक
अन्य यस्तै प्रकारका काठका वल्लावल्लीका
जात रू. ८।– रू. ४।–

द्रष्टव्यः–

१. फेदमा ८.० इन्चीदेखि १०.९ इन्चीसम्म डाइमिटर भएको वल्लावल्लीलाई (क) श्रेणी र फदमा ५.० इन्चीदेखि ७.९ इन्चीसम्म डाइमिटर भएको वल्लावल्लीलाई (ख) श्रेणीको वल्लावल्ली मानिनेछ ।
२. फेदमा ५.० इन्चीभन्दा घटी डाईमिटर भएको वल्लावल्लीको मोल बिगो कायम गर्दा (ख) श्रेणीको मानी कायम गरिनेछ ।
३. खडा रूखको हकमा गोलाइ नाप गर्दा ४.५ (साढेचार) फिट उचाइको नापबाट गरिनेछ ।
४. घरकाजको लागि वल्लावल्ली दिंदा उपरोक्त दरको पचास प्रतिशतमात्र मोल लिइनेछ ।

अनुसूची–६
(नियम १६ संग सम्बन्धित)
चरी शुल्क

| क्र. सं. | जनावरको नाम | तीन महिना सम्मको लागि | छ महिना सम्मको लागि | एक वर्षको लागि |
|---|---|---|---|---|
| १. | हात्ती, ऊँट प्रत्येकको | रू. ३६०।– | रू. ६००।– | रू. १,२००।– |
| २. | भैंसी, घोडा प्रत्येकको | रू. २।४० | रू. ४।– | रू. ८।– |
| ३. | गधा, याक, चौरी गाई प्रत्येकको | रू. ३।– | रू. ५।– | रू. १०।– |
| ४. | बाखा, खसी, बोका प्रत्येकको | रू. –।१० | रू. –।१८ | रू. –।३६ |
| ५. | भेंडा, च्याङ्ग्रा प्रत्येकको | रू. –।०८ | रू. –।१२ | रू. –।२४ |

द्रष्टव्यः–

(१) सरकारी वनक्षेत्रमा विदेशी नागरिकको जनावरलाई चरी चराउ गर्न दिइने छैन ।
(२) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा चरी चराउ गर्न दिइने छैन ।
(३) गाई र गोरू चरी चराउ गर्न कुनै शुल्क लाग्ने छैन ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।